# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## विदेह नगरपालिका
## धनुषा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि(Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य(Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and QualityAudit Service to the Nation)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४३५

मितिः २०७९।३।२१

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
विदेह नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
धनुषा।

**कैफियत सहितको राय**

हामीले विदेह नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. विदेह नगरपालिकाको महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सवै कारोवार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू.१४ करोड ६३ लाख २५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया। सो उपर प्रमाण प्रतिकृया प्राप्त भएको छैन । बेरुजू मध्ये असुल गर्नुपर्ने रू. ४७ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० करोड ९९ लाख २२ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ७ लाख ७२ हजार र पेश्की रू ९ लाख १० हजार रहेको छ । नगरपालिकाको गतवर्ष रू. २७ करोड ७ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. ३७ करोड ४४ लाख ५६ रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं।त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन।वित्तीय विवरणकाउपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034,A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798,Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.npWebsite : www.oag.gov.np

विदेह नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २१ | ४३ | १४६३२५ | ० | ० | ० | २१ | ४३ | १४६३२५ | ४७२० | ३०७७३ | १०९९२२ | | | | ९१० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| विदेह नगरपालिका,धनुषा | २७०७४९ | ० | ४२६१८ | २२८१३१ | ० | १४६३२५ | ३७४४५६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : विदेह नगरपालिका, धनुषा , धनुषा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | संजिव कुमार साह | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अरुण कुमार झा | २०७७-४-१ | |
| लेखा प्रमुख | हिराबन यादव | २०७८-१०-२० | |
| | | **बेरुजु रकम** | १४६,३२५,०४८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४३,१५,५७५.५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,०३,७२,८१० | **चालु खर्च** | २६,५५,३४,१३१ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२१,३३,००० | **पूँजीगत खर्च** | १८,७२,८६,११६ |
| **राजश्व बाँडफाँट** | ६,९८,४९,९६९.१ | **वित्तीय/अन्य व्यवस्था** | १३,३३,९६,०७९ |
| **आन्तरिक आय** | ६७,३०,५१२.३६ | | |
| **अन्य आय** | १४,५५,०१,५३१ | | |
| **कुल आय** | ५७,४५,८७,८२२.४६ | **कुल खर्च** | ५८,६२,१६,३२६ |
| **बाँकी मौज्दात** | | -७३,१२,९२८.५८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस विदेह नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु विदेह नगरपालिकाको उद्देश्य रहेको छ । यस विदेह नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ४५.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार २ सय ६६ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय प्रतिवेदन** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५२,५६,५५,१८९ | ४७,५५,४४,७६२.९२ | | ४७,५५,४४,७६२.९२ | ३७,५८,१०,६३२.६९ | | ३७,५८,१०,६३२.६९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८,६२,२२,०८० | ४२,९०,८६,२९१.४२ | ० | ४२,९०,८६,२९१.४२ | ३५,४८,९८,०६१.६९ | ० | ३५,४८,९८,०६१.६९ |
| ११००० कर | ११ | ७,८२,१६,२७० | ७,००,१०,५४९.४२ | ० | ७,००,१०,५४९.४२ | ५,५७,७७,१८२.६९ | ० | ५,५७,७७,१८२.६९ |
| १३००० अनुदान | | ४०,०५,०५,८१० | ३५,२५,०५,८१० | ० | ३५,२५,०५,८१० | २९,८४,५३,००० | ० | २९,८४,५३,००० |
| संघीय सरकार | १२ | ३८,०३,७२,८१० | ३४,०३,७२,८१० | ० | ३४,०३,७२,८१० | २७,४२,८९,००० | ० | २७,४२,८९,००० |
| प्रदेश सरकार | १२ | २,०१,३३,००० | १,२१,३३,००० | ० | १,२१,३३,००० | २,४१,६४,००० | ० | २,४१,६४,००० |
| १४००० अन्य राजस्व | | ७५,००,००० | ६५,६९,९३२ | ० | ६५,६९,९३२ | ६,६७,८७९ | ० | ६,६७,८७९ |
| ख. अन्य प्राप्ति | | ३,९४,३३,१०९ | ४,६४,५८,४७१.५० | | ४,६४,५८,४७१.५० | २,०९,१२,५७१ | | २,०९,१२,५७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ३,९४,३३,१०९ | ३,६९,०५,९९०.५० | ० | ३,६९,०५,९९०.५० | १,७७,०५,७०२ | ० | १,७७,०५,७०२ | |
| | | | धरौटी | | ० | ९५,५२,४८१ | ० | ९५,५२,४८१ | ३२,०६,८६९ | ० | ३२,०६,८६९ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ६०,५६,५५,१८९ | ४८,७१,७३,२६७ | | ४८,७१,७३,२६७ | ४२,०२,२६,६७६ | | ४२,०२,२६,६७६ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,६२,२२,०८० | ४५,२८,२०,२४७ | | ४५,२८,२०,२४७ | ४०,१७,६०,०९६ | | ४०,१७,६०,०९६ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १२,३४,०८,८१० | ११,८४,८४,५३९ | ० | ११,८४,८४,५३९ | ८,९९,५६,७८५ | ० | ८,९९,५६,७८५ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,९७,९१,८७० | ७,४०,५८,३७८ | ० | ७,४०,५८,३७८ | ६,७९,५७,१२४ | ० | ६,७९,५७,१२४ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १,९५,०२,००० | १,८९,९८,०५० | ० | १,८९,९८,०५० | २,४१,४९,११८ | ० | २,४१,४९,११८ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,२८,३७,००० | २,४१,५१,५५५ | ० | २,४१,५१,५५५ | १,१२,४७,००० | ० | १,१२,४७,००० | |
| | | | २८००० अन्य खर्च | १८ | ३,१६,००,००० | २,९८,४१,६०९ | ० | २,९८,४१,६०९ | ५,३७,०५,७१८ | ० | ५,३७,०५,७१८ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६,९०,८२,४०० | १८,७२,८६,११६ | ० | १८,७२,८६,११६ | १५,४७,४४,३५१ | ० | १५,४७,४४,३५१ | |
| | | | घ. अन्य भूक्तानी | | ३,९४,३३,१०९ | ३,४३,५३,०२० | | ३,४३,५३,०२० | ४२,०२,२६,६७६ | | ४२,०२,२६,६७६ | |
| | | | कोषहरु | | ३,९४,३३,१०९ | २,७४,८८,८७८ | ० | २,७४,८८,८७८ | १,६९,३५,७३५ | ० | १,६९,३५,७३५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धरौटी | | ० | ६८,६४,१४२ | ० | ६८,६४,१४२ | १५,३०,८४५ | ० | १५,३०,८४५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,००,००,०००) | (१,१६,२८,५०४.०८) | | (१,१६,२८,५०४.०८) | (४,४४,१६,०४३.३१) | | (४,४४,१६,०४३.३१) | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४३,१५,५७५.५० | | ४३,१५,५७५.५० | १२,४३,२८,२८९.९२ | | १२,४३,२८,२८९.९२ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (८,००,००,०००) | (७३,१२,९२८.५८) | | (७३,१२,९२८.५८) | ७,९९,१२,२४६.६१ | | ७,९९,१२,२४६.६१ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | (७३,१२,९२८.५८) | | (७३,१२,९२८.५८) | ७,१९,६७,२५०.६१ | | ७,१९,६७,२५०.६१ | |
| | | | सुत्रमा समावेश नभएको आर्थिक कारोबारको आवि | | | | | | | | | |
| | | | आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम | | | | | | |
| | | | सामाजिक सुरक्षा | ८१६५५८८७ | सामाजिक सुरक्षा | ८१६५५८८७ | | | | | | |
| | | | स्थानीय पूर्वाधार विकास | ७३८७१७२ | स्थानीय पूर्वाधार विकास | ७३८७१७२ | | | | | | |
| | | | एकिकृत स्वास्थ्य पूर्वाधार | १००००००० | एकिकृत स्वास्थ्य पूर्वाधार | १००००००० | | | | | | |
| | | | जम्मा | ९९०४३०५९ | | ९९०४३०५९ | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९ (२) मा रु १०लाख भन्दा बढी लागतका योजनाको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आईटम बनाई समावेश गर्नुपर्ने र नियम ११ (१) मा उल्लेख भए अनुसार निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले योजनाको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई समावेश नगरेको समेत कारणले योजनाको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन सक्दैन । | |
| ४ | | | **सार्वजनिक सुनुवाई**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सार्वजनिक सुनुवाई गरेको पाइएन । | |
| ५ | | २०७९-२-१ | **चौमासिक प्रगति विवरण**<br>आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्नेमा नगरपालिकाले पेश गरेको पाईएन । | |
| ६ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्दछ । नगरपालिकाले सो बमोजिम अवकास कोषमा रकम जम्मा गर्ने गरेको पाइएन । | |
| ७ | | | **घटि जिम्मेवारी सारेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । नगरपालिकाको गत वर्षको सुत्रको वित्तीय प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु. ८०२६७२५०।६१ यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा रु. ४३१५५७५।५० जिम्मेवारी सारेको देखियो । जस अनुसार सुत्रको वित्तीय प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७५९५१६७५।११ घटि जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.. | ७५,९५१,६७५ |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । यस साम्बन्धमा देखीएका व्यहोरा देहाय बमोजिम छन । | |
| ८.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन | |
| | | | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• नगरपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक गरेको पाईएन<br>• नगरपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक कार्यालय प्रमुखले जिन्सी निरीक्षण गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाको यस वर्ष मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा जिन्सी निरीक्षण भएको पाईएन ।<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>• सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| ८.३ | | | • म. ले. प. फाराम ९०५ बमोजिमको सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गरी राखेको पाइएन<br>• म. ले. प. फाराम ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक गरी राखेको पाइएन | |
| ८.४ | | | • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गरेको पाइएन | |
| ८.५ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वेरुजुको लगत राखि अद्यावधिक गरेको पाइएन । | |
| ९ | | | **मूअकर समायोजन वेगर धरौटी फिर्ता**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु... | १,४७०,०८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | निर्माण व्यवसायी | धरौटी फिर्ता रकम | | |
| | | | | रामबाबा निर्माण सेवा | १५९०२७ | | |
| | | | | जय हनुमान बाबा निर्माण सेवा | १२६५५४ | | |
| | | | | जानकी कन्स्ट्रक्सन | २१६२९ | | |
| | | | | सहलेस निर्माण सेवा | ३७१२०६ | | |
| | | | | रंजना कन्स्ट्रक्सन | २१४६४ | | |
| | | | | जयश्री गणेश निर्माण सेवा | २३४५७ | | |
| | | | | हटलाइन कन्स्ट्रक्सन | ४२४४४ | | |
| | | | | कामख्या कन्स्ट्रक्सन | ३४९१७ | | |
| | | | | एस.एम. विल्डर्स | ६४८२१ | | |
| | | | | जे.वि. इन्टरप्राइजेज | १२९१९० | | |
| | | | | न्यु जनक सेन्टर | २१९४० | | |
| | | | | जे.वि. ट्रेडर्स | २१९४० | | |
| | | | | अहिर कन्स्ट्रक्सन | १२८३२ | | |
| | | | | कमल निर्माण सेवा | ४२७७२ | | |
| | | | | निसान्त निर्माण सेवा | २२०३३ | | |
| | | | | रोहित विल्डर्स | २१५३२ | | |
| | | | | हनुमान निर्माण सेवा | ४३२८१ | | |
| | | | | आर. एण्ड एन. कन्स्ट्रक्सन | १०५८९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गिता कन्स्ट्रक्सन | ८७२६६ | |
| | | | लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन | ४३३७३ | |
| | | | एम.ए.एस. विल्डर्स | ४०५१४ | |
| | | | रेमन विल्डर्स | २१६६६ | |
| | | | राजिव विल्डर्स | ९७६७ | |
| | | | माँ नर्मदा कन्स्ट्रक्सन | ७५८६७ | |
| | | | जम्मा | १४७००८१ | |
| १० | | | **पन्ध्र सैयाको हस्पिटल**<br>एकिकृत स्वास्थ्य पूर्वाधार नगरपालिकाले १५ सैयाको अस्पतालको रु २०२५५४५२८।७३ को लागत अनुमान स्वीकृत नगरी विद्युतीय बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्थापन गरी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी जे.भी. संग २०७८ अषाढ १६ मा रु १२६२६५०३३।०० को ठेक अङ्कमा सम्झौता गरेको पाइयो ।सम्झौता पछि नेपाल बंगलादेश बैक जनकपुरको रु १११०००००।०० को २०७८।९।२४ को म्याद भएको पेश्की जमानतपत्रका आधारमा २०७८।३।३० गते कार्यालयले रु १०००००००।०० पेश्की दिएकोमा उक्त पेश्की फर्छयौट भएको पाइएन । निर्माण व्यवसायीले निर्माण कार्यको कार्य तालिका र प्रगति विवरण कार्यालयमा पेश गरेको पाइएन । निर्माण स्थलको अवलोकन गर्दा फाउन्डेसनका लागि माटो खन्ने काम भएको र निर्माण स्थलमा रड राखिएको पाइयो । निर्माण स्थलको जग्गाको स्वामित्वको कागजात गोस्वामी प्रिय दास बैरागीको नाममा रकेको पाइयो । लेखापरीक्षण अवधि सम्म सम्झौताको करिव आधा म्याद सकिएको अवस्थामा भएको निर्माण कार्यको अवस्था अनुसार निर्माण कार्य निर्धारित समयावधिमा सम्पन्न हुने कुरामा विस्वस्त हुन सकिएन । | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, काम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले देहायका आपूर्तकबाट एक आर्थिक वर्षमा सिमाभन्दा बढी देहायबमोजिम गरेको खरिद अनियमित देखिएको रु.. | ३,४७१,५९८ |

| गोश्वारा भौचर र मिति | खरिदको विवरण | निर्माण व्यवसायी/ आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| २३।०७७।७।१९ | स्टिल फर्निचर | शिवम स्टिल फर्निचर उद्योग | १४२३८० |
| ४९।०७७।९।२ | स्टिल फर्निचर | शिवम स्टिल फर्निचर उद्योग | ३८१९४० |
| १८७।०७८।३।१५ | स्टिल फर्निचर | शिवम स्टिल फर्निचर उद्योग | ११८६५० |
| ५४।०७७।९।२ | डिहिबार स्थान अधुरो वाउण्ड्री र प्लाषटर | कामख्या कन्स्ट्रक्सन | ४८९२४१ |
| ६७।०७७।९।३ | हुलाकी सडकदेखी विशेश्वर मण्डलको घर हुदै दुखी खत्वेको घरसम्म सडक निर्माण | कामख्या कन्स्ट्रक्सन | ४८९२८५ |
| ८०।०७७।११।१४ | गंगाई विराजिको घरदेखी रामप्रसाद विराजीको घरसम्म पिसिसि ढलान | श्री सहलेश निर्माण सेवा | ४८९३०९ |
| २५५।०७८।३।३० | शिव शंकर जनता आ.वि. माटो भर्ने काम | श्री सहलेश निर्माण सेवा | ४८७७४२ |
| ९०।०७७।१२।४ | मदन घरदेखी जुगल घर सम्म पिसिसि ढलान | एस.एम. विल्डर्स | ३९१०२१ |
| २५४।०७८।३।३० | रामजानकी मंदिरमा माटो पुर्ने काम | एस.एम. विल्डर्स | ४८२०३० |
| | जम्मा | | ३४७१५९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **बढी निकासा**<br>बढी निकासा - माध्यमिक विद्यालय दुहवीमा प्रथम निकासा (३ महिना र चाडपर्व) दिंदा आधारभूत तर्फको तलबभत्ता वापत रु. ९५४४६८।- वढी निकासा गएकोमा उक्त रकम कार्तिक महिनाको तलबमा मिलान गरेको रु. ९४६०७४।- कट्टा गरी थप वढी निकासा भएको रकम रु ८३९४।०० असूल गर्नुपर्ने रु. | ८,३९४ |
| १३ | | | **छात्रवृत्ती वितरण**<br>छात्रवृत्ती वितरण - शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं. ७.२.१.१ क्रमसंख्या ४.२ वमोजिम IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट विद्यार्थीको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सो को आधारमा प्रमाणीत गरी सो को आधारमा वर्गिकरण गरे अनुसार विद्यालयलाई छात्रवृत्ती निकासा दिनुपर्ने व्यवस्था छ ।पालीकाले निम्नानुसार १३ विद्यालयलाई रु.१७४४०००।- निकासा दिएकोमा सो को शिक्षा अधिकृतवाट प्रमाणीत गरी विद्यालयको तथ्यांकसंग सत्यापन नगराएको र सम्वन्धित विद्यालयवाट सो | १,७४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरणको भर्पाई समेत लेखापरिक्षण अवधि (२०७९।१।१५) सम्म कुनै पनि विद्यालयवाट प्राप्त हुन नआएको हुँदा सो निकासा रकम यथार्थ तथ्यांक एवं IEMIS संग भिडान हुन्छ भन्ने आधार नभएकोले सो वितरुण भर्पाइसमेत पेश हुनुपर्ने रु. | |

| क्र.सं. | विद्यालय | विद्यार्थी संख्या | दर | जम्मा रु. |
|---|---|---|---|---|
| १ | श्री जनता नमूना मा.वि., गिद्धा | ११२७ | ४०० | ४५०८०० |
| २ | श्री शंकर जनता मा.वि., गोवरही | ४५१ | ४०० | १८०४०० |
| ३ | श्री सरस्वती मा.वि.वझै | ५४५ | ४०० | २१८०० |
| ४ | श्री या.वि., ठाडी | ६१२ | ४०० | २४५००० |
| ५ | श्री भगवती मा.वि., योगीठाडा | २७३ | ४०० | १०९२०० |
| ६ | श्री शिवशंकर नि.मा.वि., इटर्हवा | ३३५ | ४०० | १३४००० |
| ७ | श्री प्रा.वि., चिकना | ९५ | ४०० | ३८००० |
| ८ | श्री प्रा.वि., कमेही | १५३ | ४०० | ६१२०० |
| ९ | श्री प्रा.वि., वैदेह | १९० | ४०० | ७६००० |
| १० | श्री सरस्वती प्रा.वि., झिंझा | १२६ | ४०० | ५०४०० |
| ११ | श्री प्रा.वि., झिंझा | १०२ | ४०० | ४०८०० |
| १२ | श्री प्रा.वि., मुडीवा | १२६ | ४०० | ५०४०० |
| १३ | श्री प्रा.वि., एकराही | २२५ | ४०० | ९०००० |
| जम्मा | | | | १७४४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **मदरसालाई दिवा खाजा**<br>मदरसालाई दिवा खाजा - शिक्षा विकास तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप न २.७११.१ मा सामुदायिक विद्यालयका वालकक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था छ । सो व्यवस्था अनुसार मदरसाहरुलाई दिवा खाजाको रकम निकासा दिन मिल्ने देखिदैन । साथैं कृयाकलाप २.७.१३.१९ को कार्यक्रम ६.२ मा मदरसालाई एकमुष्ट रु.२४१०००।- वाहेक छात्रवृत्ती र पाठ्यपुस्तक मात्र दिनुपर्ने व्यवस्था छ ।यस पालिकाले निम्नानुसार मदरसालाई सो वापत एकमुष्ट रकम निकासा समेत दिएको र दिवा खाजा एवं शिक्षण सिकाई रकम समेत रु ११०३०५५।०० निकासा दिएकोले सो रकम रकम असूल गर्नुपर्ने रु. | १,१०३,०५५ |

| क्र.सं. | मदरसा | दिवा खाजा रु. निकासा रु. | प्रति विद्यार्थी लागत शिक्षण सिकाई |
|---|---|---|---|
| १ | मदरसा मोहमदीमा सल्फीमा, ठाढी | १६०९८० | १६००० |
| २ | नुरुल होदा मदरसा, दुरुवी | १३१२२० | १२५०० |
| ३ | मदरसा अहमदीमा सल्फीमा झिंझा | १०३३८० | १४००० |
| ४ | मदरसा दारुल उलुम शेरातुल मुस्लेविन | १५५२३५ | १७५०० |
| ५ | मदरसा कजाउल ओलुम, वझै | ८७४२० | १२००० |
| ६ | मदरसा गुलसने मदिना, दुहवी | १०३१७० | - |
| ७ | मदरसा मोहमदीमा सल्फीमा, एकराही | १५८७१५ | - |
| ८ | दारुल मुलुम अम्जादमा नुरीनगर | ६१४४० | - |
| ९ | दारुल गुलजारे मदिना बैदेही | ६९४९५ | - |
| | | १०३१०५५ | ७२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **उपभोक्ता समितिमार्फत सिमा भन्दा बढीको काम**<br>उपभोक्ता समिति मार्फत सिमा भन्दा बढीको काम- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्दा एक करोड रुपैंयाँ सम्मको लागत अनुमानको निर्माणको काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिनजेन्सी समावेश नै नगर्दा समेत लागत अनुमान हाराहारी एक करोड भएका वा सो समावेश गर्दा लागत अनुमान एक करोड भन्दा बढी हुने देहायका निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी निर्माण सिमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराएको नियमसम्मत नदेखिएको रु.. | २५,१९०,९१२ |

| उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम | कैफीयत |
|---|---|---|---|---|
| आवश्यक्ता अनुसार खानेपानी ह्यान्डपाइप खरिद तथा जडान उस | ह्याण्डपाइप खरिद तथा जडान | ९९९९७७९ | ८९९९८०१ | २३४ ह्यान्डपाईप वितरण भरपाई संलग्न नरहेको |
| वडा नं. ९ वडा भवन | भवन निर्माण | ८२९४०७५ | ७८७९३७१ | |
| वाटर पम्प बोरिङ जडान | वोरिङ खरिद तथा जडान | ९९०१९३३ | ८९११७४० | ३३० थान वोरिङ्ग वितरण भरापाई संलग्न नरहेको |
| जम्मा | | २८१९५७८७ | २५११९०९१२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **योजना अनुगमन**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ..मा उपमेयरले नगरबाट संचालन हुने योजनाको अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षण गर्दा देहायका योजनामा अनुगमन गरी पेश गरेको प्रतिवेदनमा कुन योजनाको के काम भएको वा नभएको नखुलाई रिपोर्ट दिएको पाइयो । योजना अनुगमनपछि भएको काम सम्बन्धमा एकिन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| योजनाको नाम | भुक्तानी रकम |
|---|---|
| सहलेस मन्दिर निर्माण | ४८३४९० |
| महरा टोलमा सामुदायिक दलान निर्माण | ४७८८९४ |
| खरिहानी टोलको महरानी स्थान निर रहेको सार्वजनिक कुवामा माटो पुर्ने र दलान निर्माण गर्ने | ४८२७२९ |
| बजरङ्गवली मन्दिर देखी राजेश्वरको घर सम्म पिसिसि ढलान | ४४९०३९ |
| भतही गाछिमा वृद्दआश्रम निर्माण | ६६७२४३ |
| वडा नं. ७ का सडकहरु पिसिसि ढलान | २९२०१२५ |
| कमल राईको घर हुदै शिव शंकर राईको घरसम्म पिसिसि ढलान | १२६४५९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **जटिल प्राविधिक संरचनाको काम उपभोक्ता समितिबाट गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन । | |

| उपभोक्ता समितिको नाम | निर्माण कार्य | भुक्तानी रकम |
|---|---|---|
| वडा नं. २ कार्यालय भवन निर्माण उस | भवन निर्माण | ३९३४९१७ |
| वडा नं. ६ कार्यालय भवन निर्माण उस | भवन निर्माण | ३९३३६७६ |
| वडा नं. १ वडा भवन निर्माण उस | भवन निर्माण | ५९०७३४३ |
| वडा नं. ३ वडा भवन निर्माण उस | भवन निर्माण | ५९०९५९७ |
| वडा नं. ९ वडा भवन निर्माण उस | भवन निर्माण | ७८७५४६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **नर्म्स विपरित खर्च**<br>नर्म्स विपरित खर्च - संघीय बजेटको कार्यक्रम संचालन निर्देशिका वमोजिम तालीम कार्यक्रम सचालन गर्दा खाजा खर्च वापत प्रति व्यक्ति रु.२००।- मात्र खर्च लेख्न पाइनेमा हुलाकी राजमार्ग दुग्ध उत्पादन एवं दलहन प्याकेट तालीम कार्यक्रम अन्तर्गत संचालित पशुपालन समेतको तालीममा निम्नानुसार रु.२५०।- का दरले खर्च लेखेको पाईएको हुँदा कार्यक्रम संचालक पशु संयोजक श्री चन्द्रेश्वर ठाकुरवाट असूल गर्नुपर्ने रु. - २९५०० | २९,५०० |

| गो.भौ. । मिति | विवरण | खर्च लेखेको | बढी रु. |
|---|---|---|---|
| १६३।०७८।३।२३ | ०७८।३।१२ को आवदा मिष्ठान्न भण्डारको बील वाट १२० प्याकेट | ३०००० | ६००० |
| १६३।०७८।३।२३ | ०७८।३।८ को आवदा मिष्ठान्न भण्डारको बील वाट १२० प्याकेट | ३०००० | ६००० |
| १६३।०७८।३।२३ | ०७८।३।६ को आवदा मिष्ठान्न भण्डारको बील वाट १२० प्याकेट | ३०००० | ६००० |
| १६३।०७८।३।२३ | ०७८।३।९ को आवदा मिष्ठान्न भण्डारको बील वाट १२० प्याकेट | ३०००० | ६००० |
| १९६।०७८।३।३० | ३।१५ र १६ मा खाजा खर्च ५५ जनाको दरले ६ दिनको ११० प्याकेट | २७५०० | ५५०० |
| जम्मा | | | २९५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **बाख्रा पाठी वितरण**<br>नगरपालिका चालु तर्फ - वाख्रा पाठी वितरणः- ३५३।०७८।३।३० - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ वमोजिम खर्च लेखीएक रकमको प्रमाण स्पष्ट खुल्ने गरी आश्स्ता दुरुस्त राख्नुपर्ने व्यवस्था छ । पालीकाले जमुनापारी पाठी वितरण वापत रु.५७५०००।- मध्ये रु. ४८५०००।- पाठी र रु.९००००।- मा ५ वटा बोका वितरणको खर्च देखिन्छ । सो श्रेस्ता परिक्षाणमा गोश्वारा भौचर श्रेस्ता भर्पाइ संलग्न छैन । वैक नगदी कितावका आधारमा श्रेस्ता माग गर्दा गोश्वारा भौचर नभएको वितरण भर्पाइ एवं खरिद बील पेश भएकोमा निम्नानुसार व्यहोराहरु खुलेको श्रेस्ता प्रमाण नभएकोले सो खर्च रकम ठीक छ भन्न सकिएन रु. ५७५०००<br>• जमुनापारी पाठी भनेकोमा सो को प्राविधिक पुष्टाई नभएको साथै पाठीको तौल, उमेर एवं प्रजनन योग्य भए नभएको केहि नखुलेको,<br>• बाख्रा वितरणको तस्वीर समेत नभएको,<br>• पाठी संख्या ९९ को रु. ५०००।- दरले बील रु.४९५०००।- हुनुपर्नेमा रु.४८५०००।- मात्र उल्लेख भएको, (कुनै छूट समेत दिएको नदेखिएको)<br>• भगवती पशुपालनको ०७८।२।३० को बील नं. २ वाट बाख्रा खरिदको बील संलग्न रहेकोमा भुक्तानी नीज विक्रेतालाई नै हुनुपर्नेमा कृषि संयोजक चन्द्रेश्वर ठाकुरलाई दिएको, साथै नीजवाटै वुझिलिएको भन्ने भर्पाइ संलग्न रहेको ।<br>• वितरण भर्पाइ ९९ वटा नभै बढी भर्पाई संलग्न रहेकोले वास्तविक संख्या एकीन हुन सकेन ।<br>• खरि जातको ५ वटा बोका वितरण वापतको भर्पाइमा बोकाको समेत प्राविधिक पुष्ट्याई नभएको । | ५७५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>जनता आवास<br>सुरक्षित नागरिक आवास निर्देशिका २०७५ को दफा ५ वमोजिम विपन्न तथा फुसको छानो भएका नागरिकलाई रु. ५०,०००।– जस्ता पाता छाना निर्माणका लागी दिइने व्यवस्था छ । जस अनुसार रु.३०,०००।– (६० प्रतिशत)जस्तापाता छाना निर्माणका लागी संझौता गरेपछि उपलब्ध गराइने र सो वाट काठ र जस्तापाता खरिद गरेको प्राविधिक प्रतिवेदनका आधारमा बाकी रु. २०,०००।– निर्माण सम्पन्नको प्रतिवेदन प्राप्त भएपछि दिइने व्यवस्था छ । यस पालिकावाट निम्नानुसार गोश्वारा भौचर एवं मितिपाट सुरक्षीत नागरिक आवास कार्यक्रम अन्तर्गत २२० जनालाई ६० प्रतिशतले हुने रकम रु ६६०००००।०० निकासा दिएकोमा सो कार्य सम्पन्न भै बाँकी रकम ४० प्रतिशत लगेको नपाईएको हुँदा उक्त रकम फर्छोट हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ. । मिति</th><th>संख्या</th><th>रकम (रु.)</th></tr>
<tr><td>१२७।०७८।३।२१</td><td>39 जना</td><td>११७००००</td></tr>
<tr><td>१४५।०७८।३।२३</td><td>70 जना</td><td>२१०००००</td></tr>
<tr><td>१५५।०७८।३।२३</td><td>53 जना</td><td>१५९००००</td></tr>
<tr><td>१९७।०७८।३।३०</td><td>58 जना</td><td>१७४००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६६०००००</td></tr>
</table></td><td>६,६००,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>दमकल वितरण<br>दमकल (water pump) वितरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ क मा मालसामान, निर्माणकार्य र सेवाको खरिद गर्नुअघि स्पेसीफिकेसन, नक्सा डिजाईन लागत अनुमान तयार गर्दाकै अवस्थामा दरलाई सो स्वीकृत गरी मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पानी तान्ने मोटर खरिद गरी स्थानीय महत्वका खाद्य पोषण तथा कृषि पकेट कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा वितरण गरेकोमा उक्त मोटर पम्पहरु कति हर्षपावरको हो ? कुन व्राण्डको हो ? कहाँ वनेको हो आदी कुनै स्पेसीफिकेसनमा उल्लेख नगरी मोटर पम्प वितरण गरेको भनी ५६ वटा भर्पाई संलग्न रहेको छ । यसरी विना स्पेशीफीकेसन लाभग्राही समूहलाई वितरण गरेको र भर्पाइमा रु.७४००।- समेत उल्लेख गरी मोटर पम्प वुझेको देखिन्छ । सो रकम के वापत उल्लेख गरिएको हो ? एकीन छैन । साथै ५० प्रतिशत रकम अनुदान हो भन्ने अंक समेत मिल्दैन । मोटर प्रतिथान १८१००।- का दरले ५६ वटा खरिद छ । यसरी मोटरको स्पेसीफीकेसन र रकमको भर्पाइ समेत एकीन गर्न नसकिएको हुँदा सो को पुष्ट्याई एवं प्रमाण पेश हुनुपर्ने रु. - ५०६८००</td><td>५०६,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **पेश्की विना कार्यक्रम संचालन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा आवश्यक कार्यको लागि लागत अनुमान बनाई स्वीकृत भए अनुसार आवश्यक पेश्की लिई खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालीकामा निम्नानुसार कार्यक्रम पेश्की विना सम्पन्न गरी सोधभर्ना माग गरेको छ । यसरी पेश्की विना उक्त कार्यहरु के कसरी सम्पन्न भए भन्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छः- केही उदाहरण | |

| गो.भौ. । मिति | सोधभर्ना लिने कर्मचारी | रु. | कार्यक्रम |
|---|---|---|---|
| २७।०७७।८।३० | रामसुन्दर साह | ८६९५० | स्वास्थ समीक्षा |
| ७४।०७८।१।२१ | शत्रुघन साह | ३६५००० | पोषण सम्वन्धि |
| ९०।०७८।२।१८ | रामसुन्दर साह | १००००० | बालरोग व्यवस्थापन तालीम |
| ११८।०७८।३।१४ | रामसुन्दर साह | ७००००० | वेवसाइट अभिमुखीकरण तालीम |
| १२४।०७८।३।२० | रामसुन्दर साह | ९०००० | पोषण सम्वन्धि |
| १२२।०७८।३।२० | रामसुन्दर साह | १०९००० | पोषण सम्वन्धि |
| १२६।०७८।३।२० | रामसुन्दर साह | १८६४०० | खोप सम्वन्धि |
| १९५।०७८।३।३० | चन्द्रेश्वर ठाकुर | ८४२४५० | खाद्य सम्वनधि |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
अनलाइन तालिमको दैनिक भत्ता<br>
नलाइन तालीमको दैनिकभत्ता - ३५।०७७।९।४ - कर्मचारीले अनलाइन तालीम वापत सहभागी भएकोमा दैनिक भत्ता लिन मिल्ने व्यवस्था छैन । पालीकामा निम्न कर्मचारीहरुले एम.आइ.एस. अनलाइन तालीममा सहभागी भनी दैनिक भत्ता भुक्तानी लिएकोले उक्त रकम असूल गर्नुपर्ने रु. - २१६००
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सुनील कुमार सिं</td><td>७२००</td></tr>
<tr><td>२</td><td>मनोज अधिकारी</td><td>७२००</td></tr>
<tr><td>३</td><td>अंजु कुमारी</td><td>७२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१६००</td></tr>
</table>
</td><td>२१,६००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन<br>
कार्य सम्पन्न प्रतिवेदन - शिक्षा तथा मानव श्रोत विकास केन्द्रको आ.व. ०७७।७८ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ११.१.२.१ को ८.४(ज) वमोजिम भवन निर्माण लगायतको भौतिक निर्माण वापतको रकमवाट कार्य सम्पन्न गरी प्रतिवेदन सम्वन्धित पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । निम्नानुसार विद्यालयले विभिन्न कार्य वापत प्राप्त रकम रु १२८९९५४०।०० को कार्य सम्पन्न गरी प्रतिवदेन वुझाएको नपाईएको हुँदा उक्त प्रतिवेदन पेश हुनुपर्ने रु. -
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>कक्षा कोठा निर्माण</th><th>शौचालय</th><th>ICT</th><th>विज्ञान प्रयोगशाला</th><th>भुकम्प प्रतिरोध</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>भगवती राष्टिय आधारभूत विद्यालय</td><td>४३०००००</td><td></td><td></td><td></td><td>-</td><td>४३०००००</td></tr>
<tr><td>२</td><td>शिव शंकर मा.वि.</td><td>-</td><td>-</td><td>६५००००</td><td>६५००००</td><td>-</td><td>१३०००००</td></tr>
<tr><td>३</td><td>जनता नमूना मा.वि. व्यवस्थापन खर्च</td><td>५०००००</td><td></td><td></td><td></td><td>-</td><td>५००००००</td></tr>
<tr><td>४</td><td>शंकर जनता मा.वि. दुहवी</td><td>-</td><td></td><td></td><td></td><td>१५०००००</td><td>१५०००००</td></tr>
<tr><td>५</td><td>सरस्वती मा.वि.वझै / पोषण कार्यक्रमवाट खानेपानी व्यवस्थाका लागि</td><td>-</td><td></td><td></td><td></td><td></td><td>७९९५४०</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१२८९९५४०</td></tr>
</table>
</td><td>१२,८९९,५४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५ | | | **अग्रीम कर**<br>आयकर ऐन, २०५८ को दफा ८ बमोजिम प्रत्येक वर्ष आर्थिक ऐनले तोकेको सीमाभन्दा बढी परिश्रमिक आय भएमा तोकिए बमोजिम पारिश्रमिक कर लाग्ने व्यवस्था छ । सोही अनुसार आर्थिक वर्ष २०७७।७८ मा व्यक्तिगत आय रु.४ लाख र पारिवारिक आय रु.४,५०,०००।– भन्दा बढी आय भएमा आयको सीमा अनुसार १० देखि ३० प्रतिशतसम्म कर लाग्ने व्यवस्था छ। यस पालिका अन्तर्गतको मदरसा मोहमदीमा सलिहिया एकराही मुदीवाका राहत शिक्षक श्री मदिक राइनलाई २०६९ श्रावण देखि ०७६ आषाढ सम्मको पारिश्रमिक नपाएकोमा उच्च अदालत, जनकपुरको फैसला अनुसार रु.१७८४४९०।- एकमुष्ट पारिश्रमिक भुक्तानी लिएकोमा सो मा आयकर ऐन वमोजिम पारिश्रमिक कर कट्टी गरेको पाईएन ।तसर्थ सो पारिश्रमीक रु. १७८४४९० र यस आर्थिक वर्षको नियमित पारिश्रमिक रु.३८१९३०।- समेत जम्मा रु. २१६६४२०।- मा पछिल्लो १ लाखमा १० प्रतिशतले रु. १०,०००।-, त्यसपछि २ लाखमा २० प्रतिशतले रु.४०,०००।- र बांकी रकम रु. १४,१६,४२०।- मा ३० प्रतिशत ले रु.४२४९२६।- समेत जम्मा कर रु ४७४९२६ असूल गर्नुपर्ने रु. | ४७४,९२६ |
| २६ | | | **गत बर्षको तलब**<br>गत वर्षको तलब - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) वमोजिम गत वर्षको भुक्तानी दिन बाँकी तलब रकम सो को पुष्ट्याई फाराम भरी म.ले.प.फा.नं. २२१ प्रमाणीत गरी मात्र तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७ जेठ देखी असोज सम्मको तलब र चाडपर्व खर्च वापत रु.९५६५७१६।- खर्च लेखेकोमा जेठमा २० जना र असारमा ४३ जनाको रु. २६३१९७२।- भुक्तानी दिन बाँकीको पुष्ट्याई बेगर खर्च लेखेकोले उक्त भुक्तानी दिन बाँकीको प्रमाण पेश हुनुपर्ने रु. | २,६३१,९७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **फिल्ड भत्ता**<br>फील्ड भत्ता - अर्थ मन्त्रालयको ¯सार्वजनिक खर्चमा मितव्ययीता पालना गर्ने सम्वन्धि मापदण्ड° २०७७ को दफा ट मा कोभीड-१९ को संक्रमण रोकथामका लगि प्रत्यक्ष रुपमा संलग्न भै अग्रपंक्तीमा काम गर्ने स्वास्थकर्मी वाहेक अन्यलाई कुनै किसिमको प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता, विशेष भत्ता लगायतका भत्ता नदिने व्यवस्था छ । पालिकाले निम्नानुसार स्वास्थ चौकीमा कार्यरत कर्मचारीलाई बर्षभरी नै फिल्ड भत्ता रु १९८०००।०० दिएको पाईएकोले उक्त भत्ता पाउने आधार नभएको हुँदा सो रकम असूल गर्नुपर्ने रु. | १९८,००० |

| क्र.सं. | पद । कर्मचारी | एक महिनाको रु. | वार्षिक रु. |
|---|---|---|---|
| १ | अ.न.मी., रेखादेवी चौधरी | १५०० | १८००० |
| २ | अ.हे.व. परशुराम पण्डीत | १२०० | १४४०० |
| ३ | अ.न.मी., विणादेवी सिन्हा | १५०० | १८००० |
| ४ | अ.हे.व., गौरीशंकर ठाकुर | १५०० | १८००० |
| ५ | अ.न.मी., सुधा पाण्डे | १५०० | १८००० |
| ६ | अ.हे.व., रामवावु अधिकारी | १५०० | १८००० |
| ७ | अ.हे.व., राकेश यादव | १२०० | १४४०० |
| ८ | अ.न.मी., रमा सुनुवार | १२०० | १४४०० |
| ९ | अ.हे.व., रामवावु मण्डल | १५०० | १८००० |
| १० | अ.न.मी., प्रमीला मनरैत | १५०० | १८००० |
| ११ | अ.हे.व., रामकुमार मण्डल | १२०० | १४४०० |
| १२ | अ.न.मी., ज्योती हुलाल | १२०० | १४४०० |
| जम्मा | | | १९८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **सामान खरिद गरी मौज्दात**<br>सामान खरिद गरी मौज्दातमा - ३२।०७७।९।२ र १५०।०७८।३।२३ क्राइटेरिया लक्ष्मीनिया । पालीकाले सौर्य उर्जा प्रविधिको सामाग्री एवं सुधारिएको वायोग्यास चूल्हो खरिद गरी मौज्दातमा राखेको पाईएकोले अनावश्यक सामाग्री खरिद गरेको देखिन्छ । यसरी पालीकालाई आवश्यक नै नभएकोमा पनि कार्यक्रममा भएको रकम खर्च गरिनु उपर्युक्त देखीएन । जे.वी. इन्टरप्राइजेजलाई २९४८९९।-सामानको भुक्तानी गर्दा १३२७४।३१ फिटिङ्ग चार्ज समेत खर्च लेखेको तर फिटिङ्ग नभएको र सुधारिएको चुल्हो प्रविधि वापत रु.३९८०९० सुर्योदय वायोग्यांस उर्जा विकास कम्पनीलाई भुक्तानी भएको समेत जम्मा रु ६९२९८९।०० रहेकोमा सो को स्पेसिफिकेसन नखुलेको साथै उक्त सामाग्रीहरु खरिद गरी मौज्दातमा राखेको पाईएकोले यसरी खर्च लेखी मौज्दातमा राखिनु उपर्युक्त नभएको रु. | ६९२,९८९ |
| २९ | | | **बिल भर्पाई वेगर खर्च**<br>बील भरपाई बेगर खर्च - १६१।०७८।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम खर्च रकमको बील भर्पाइ पुष्ट्याई हुने गरी श्रेस्ता गोश्वारा भौचरसाथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । पालीकाले उद्यम विकास सहजकर्ता ववीता मण्डलको सर्फ बनाउने तालिमको पेश्की फछ्र्यौट तथा सोधभर्ना भुक्तानी रु ४०८०००।०० गर्दा ३५४९५०।०० को मात्र फाटबारी संलग्न गरेकोले नपुग रु. ५३०५०।०० निजबाट असूल गर्नुपर्ने रु.. | ५३,०५० |
| ३० | | | **खर्चको पुष्ट्याई**<br>१९४ र १९६।०७८।३।३० - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम खर्च लेखिएको रकमको बील भरपाई पुष्ट्याई हुने गरी श्रेस्ता गोश्वारा भौचरसाथ संलग्न गरी राख्नुपर्दछ । पालिकाले पदाधिकारी एव कर्मचारीको अनुगमन खर्च वापत रु.५००००।- खर्च लेखेकोमा स.ले.पा .श्री हिरावण यादवको रु. ४५००।- मा अग्रिम कर कट्टी गरी बांकी रकम रु३८२५।- बुझेको भर्पाई नभएको र गो.भौ.नं. १९६ वाट ३४००।- मा मा TDS घटाई रु. २८९०।- सो रकम पेश्की फर्छोट गर्ने श्री चन्द्रेश्वरवाट र गो.भौ.नं. १६३।०७८।३।२२ को पनि नीजकै भर्पाइ नभएकोले सो को रु.१७००।- र गो.भौ. १९६ वाट प्र.प्र.अ. श्री संजीव शाहको रु.२८९०।- गरी जम्मा रु. १०९०५।- नीज चन्द्रेश्वर ठाकुरवाट असूल गर्नुपरने रु. | १०,९०५ |
| ३१ | | | **बोरिङ जडान**<br>बोर्रिङ जडान - १९५।०७८।३।३० - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा रु. ५ लाखा भन्दा वढीको सामाग्री खरिद गर्दा सिलवन्दी बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम २८(10) वमोजिम कार्यालयले सामान खरिद वापत भुक्तानी दिंदा सम्वन्धित आपूर्तककै नाउंमा भुक्ताती गर्नुपर्ने व्यवस्था छ । पालीकाले ५० प्रतिशत अनुदानमा राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण (पकेट) कार्यक्रम अन्तर्गत रु.८४२४५०।- खर्च लेखी खानेपानी ट्युवेल जडान बापत २८ जना लाभग्राहीलाई रु १४५२५ का दरले भुक्तानी दिएको छ । प्रत्येक लाभग्राहीले रु.२९०५०।- का दरले बील वनाई पेश गरेको आधारमा कृषि संयोजक चन्द्रेश्वर ठाकुरलाई भुक्तानी दिई नीजले वितरण गरेको भर्पाइ संलग्न छ । तर सवै लाभग्राहीले पेश गरेको बिजकहरु रामपुकार हार्डवेयर र प्रसाद आइरन स्टोर, जनकपुरको छ । यसरी प्रत्येक उपभोक्ताले छुट्टा छुट्टै खरिद गरेको बिजक संलग्न गरी कार्य टुक्रा पारी खर्च लेखेकोमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद नगरेको र सम्वन्धित विक्रेतालाई भुक्तानी दिनुपर्नेमा चन्द्रेश्वर ठाकुरलाई भुक्तानी दिएकोले उक्त रकम अनियमित देखिएको रु. - ८४२४५० | ८४२,४५० |
| ३२ | | | **कार्यक्रममा सहभागिता**<br>कार्यक्रममा सहभागिता - संघीय सशर्त कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रत्येक कार्यक्रमको कार्यान्वयन निर्देशिका वमोजिम कार्यक्रम संपादन गरिनुपर्छ । सो सम्वन्धित कार्यक्रमका लागि नर्म्स समेत तोकिएको छ । प्रत्येक कार्यक्रमको नर्म्स तथा कार्यक्रम निर्दिशिकामा खाजा खर्च, प्रशिक्षक खर्च, मसलन्द, सहभागीता भत्ता तथा यातायात खर्च लगायतको क्षेत्रमा खर्च गर्न सकिने गरी बजेटको आकार, कार्यक्रमको उद्देश्य र आवश्यकता सम्वन्धि सिमा तोकिएको हुन्छ । एउटा कार्यक्रममा सहभागी व्यक्ति, त्यही प्रकृतीको अर्को कार्यक्रममा सहभागी हुन सक्दैन र आवश्यक पनि हुदैन । यस पालीकाको झण्डै शत प्रतिशत कार्यक्रममा मेयर(श्री वेचन दास) उपमेयर(श्री नीलम देवी) संलग्न भै सहभागी भत्ता वा अनुगमन भत्ता लिएको देखिन्छ । एकै प्रकृतिका कार्यक्रम प्रत्येक वडामा संचालन हुँदा सवै वडामा नीज पदाधिकारी उपस्थित भै सहभागी | १७४,९२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भत्ता लिएको देखिन्छ । साथै केही कार्यक्रममा कार्यालय प्रमुख एवं लेखा प्रमुख समेत आवश्यकता भन्दा वढी नै सहभागी भएको देखिन्छ । यसरी लक्षीत वर्गलाई तोकिएको कार्यक्रममा पालिकाका पदाधिकारी एवं कर्मचारी उपस्थित भै सहभागी भत्ता लिनु उपयुक्त भएन । तसर्थ निम्नानुसार एकै कार्यक्रममा पनि प्रत्येक ठाउँमा उपस्थित भै लिएको भत्ता रकम असूल गर्नुपर्ने रु. - १७४९२३ | |

| गो.भौ. । मिति | कार्यक्रम | उपस्थिती | भत्ता रु. | कर कट्टी घटाई हुने रु. | व्यहोरा |
|---|---|---|---|---|---|
| २७। ०७७।८। ३० | स्वास्थ संस्थाको वार्षिक समीक्षा | मेयर श्री वेचन दास | २८०० | २३८० | २ दिन सहभागी |
| | | उप मेयर श्री नीलमदेवी | २८०० | २३८० | २ दिन सहभागी |
| ७४। ०७८।१। २१ | पोषण सम्वन्धी कार्यक्रम | मेयर श्री वेचन दास | २५२०० | २१४२० | ११ वटा वडास्तरीय सवैमा सहभागी |
| | | उप मेयर श्री नीलमदेवी | २५२०० | २१४२० | ११ वटा वडास्तरीय सवैमा सहभागी |
| | | प्र.प्र.अ. श्री संजीव कुमार शाह | ५६०० | ४७६० | ४ वटा वडास्तरीय सवैमा सहभागी |
| | | स.ले.पा. श्री हिराचन यादव | २८०० | २३८० | ४ वटा वडास्तरीय सवैमा सहभागी |
| ८१। ०७८।२। २ | वडा समिति खाद्य पोषण निर्देशक समिति र आमा समुह प्रजनन स्वास्थ्य पोषण तथा स्तनपान तालिम | मेयर श्री वेचन दास | ५०४०० | ४२८४० | एउटै कार्यक्रम ९ वडामा २।२ दिन संचालित, सवै वडामा उपस्थित भै वुझेको । |
| | | उप मेयर श्री नीलमदेवी | २५२०० | २१४२० | एउटै कार्यक्रम ९ वडामा २।२ दिन संचालित, सवै वडामा उपस्थित भै वुझेको । |
| | | स्वास्थ संयोजक श्री रामसुन्दर शाह | २५२०० | २१४२० | |
| १२४। | पोषण समीक्षा | मेयर श्री वेचन दास | २८०० | २३८० | निर्देशिका विपरित सहभागीता भत्ता |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उप मेयर श्री नीलमदेवी | २८०० | २३८० | | |
| | | | ०७८।३।२० | | स्वास्थ अधिकृत श्री राघवेन्द्र शाह | २८०० | २३८० | निर्देशिका विपरित वढी कर्मचारी | |
| | | | | | प्र.प्र.अ. श्री संजीव कुमार शाह | २८०० | २३८० | | |
| | | | | | स.ले.पा. श्री हिराचन यादव | १४०० | ११९० | | |
| | | | | | योजना प्रमुख श्री रामवावु महतो | १४०० | ११९० | | |
| | | | | | प्रशासन प्रमुख श्री सुनील मण्डल | १४०० | ११९० | | |
| | | | ११८। ०७८।३।१५ | संक्रमण रोग रोकथाम तथा फोहोर व्यवस्थापन तालीम | मेयर श्री वेचन दास | २५२०० | २१४२० | ठाडी, एकराही, दुहवी, गिद्धा, वफै र इरहर्वा सवै ठाउँमा एउटै कार्यक्रम भएकोमा पनि सवैमा उपस्थित भै पदाधिकारीले सहभागी भत्ता बुझेको । | |
| | | | | जम्मा | | | १७४९३० | | |
| ३३ | | | **दलित विवाह मण्डप निर्माण**<br>दलित विवाह मण्डप निर्माण - १९।०७८।३।२२ संघीय सशर्त अनुदान खर्च गर्दा तोकीएको सर्तको आधारमा गर्नुपर्दछ । दलित विवाह मण्डप निर्माण वापत प्राप्त भएको ३००००००।०० बजेटबाट दलित विवाह मण्डप निर्माणको लागत अनुमान बनाउँदा विद्युतीकरण कार्य, प्लाष्टर कार्य लगायत फिनिसिङको कार्य समावेश नगरी भवन अधुरो रहनेगरी लागत अनुमान बनाई उपभोक्ता समूहलाई रु३००००००।- को संझौता गरी भुक्तानी समेत दिएको छ । भवन उपयोगमा आउनेगरी सम्पन्न भएको पाइएन । यसरी बजेटको सुनिश्तिता वेगर अधुरो निर्माण कार्य गर्न नहुने तर्फ कार्यालयले ध्यान दिनुपर्छ । | | | | | | |
| ३४ | | | **विद्यालय भवन निर्माण**<br>विद्यालय भवन निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम .. वमोजिम रु.६० लाख भन्दा वढीको स्वीकृत लागत ईष्टिमेट भएको निर्माण कार्यको विद्युतीय बोलपत्रको माध्यमवाट खरिद तथा निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ ।पालीकाले रु.१९९९८१८२।५६ मा श्री सरस्वती मा.वि. भवन निर्माण कार्य वापत हार्ड कपी बोलपत्रकै माध्यमवाट बोलपत्र आब्हान गरी कार्य गराएको छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ... वमोजिम कार्य सम्पन्न जमानत निर्माण कार्य सम्पन्न पश्चात थप १३ महिनाको हुनुपर्ने व्यवस्था छ । निर्माण कार्य मिति २०७८।३।२० मा सम्पन्न भएकोमा २०७९।४।१९ सम्मको कार्यसम्पादन जमानत हुनुपर्नेमा मिति २०७८।५।१५ सम्मको मात्र भएकोले ग्लोवल वैंकको रु.१० लाखको वैंक जमानत म्याद थप भएको (कामाख्या कन्स्ट्रक्सन) प्रमाण पेश हुनुपर्ने रु. - १००००००.०० | | | | | | १,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामान खरिद गरी मौज्दात<br>सामान खरिद गरी मौज्दातमै - आर्थिक कार्यविधि ऐन नियम अनुसार कार्यालयलाई आवश्यक सामाग्री मात्र खरिद गरिनुपर्दछ । साथै वार्षिक कार्यक्रममा तोकिएअनुसार कार्यक्ममा मात्र खरिद गरिनुपर्दछ । बार्षिक कार्यक्रममा स्वास्थ संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ केन्द्र संचालनका लागि फर्निचर तथा औषधी खरिद गर्ने व्यवस्था रहेकोमा पालीकाले निम्नानुसार सामान खरिद गरी मौज्दातमै राखेको पाईएको उक्त सामाग्री सम्वन्धित निकायमा वुझाएको प्रमाण पेश गर्नुपर्ने रु. - ४९२३१०
<table>
<tr><th>गो.भौ. । मिति</th><th>रकम</th><th>सामाग्री</th></tr>
<tr><td>१४।०७८।३।२०</td><td>२५४५८९</td><td>१० आइटम फर्निचर</td></tr>
<tr><td>१५।०७८।३।२१</td><td>११२६१०</td><td>विभिन्न स्टेशनरी सामाग्री</td></tr>
<tr><td>१६।०७८।३।२२</td><td>१२५१११</td><td>स्योक्सीलीन समेत ४६ आइटम औषधी</td></tr>
<tr><td>जम्मा</td><td>४९२३१०</td><td></td></tr>
</table></td><td>४९२,३१०</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>झोलुङ्गे पुल निर्माण<br>झोलुङ्गेपुल निर्माण - पालीकाको कार्यक्रम अनुसार बफै र महादेव खोलामा झोलुङ्गे पुलको कार्यक्रम भएकोमा वफैमा उपभोक्ता समूहलाई रु.९०९६६२।- पेश्कीको रुपमा भुक्तानी दिइएको छ भने महादेव खोलामा ३३६७९६०।११ को संझौता भै रु. १२२६०६४।- भुक्तानी भएको छ । संझौता अनुसारको कार्य नभै सम्पन्न कार्य अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरिएको छ । यसै वर्ष सम्पन्न हुन नसक्ने कार्यको संझौता गरिनु उपर्युक्त भएन । पेश्की फछर्यौट गर्नुपर्ने रु..</td><td>९०९,६६२</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>वितरण भर्पाई<br>वितरण भरपाई १२९।०७८।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च लेख्दा विल भर्पाई संलग्न गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत उन्न वीउ विजन वितरण कार्यक्रमको रु. २२७५००।०० भुक्तानी दिएकोमा वितरण भर्पाई गोश्वारा भौचरसाथ संलग्न गरेको नपाईएकोले वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने</td><td>२२७,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>वितरण भरपाई पेश नभएको<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको रकम भुक्तानी दिँदा खरिद तथा जडान भएको देहायको ह्याण्डपाईप प्राप्त गर्ने लाभग्राहीले सामान प्राप्त गरेको भरपाई पेश भएन । भरपाई पेश हुनुपर्ने रु..
<table>
<tr><th>उपभोकता समितिको नाम</th><th>ह्याण्डपाइप संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>वडा नं. ४ को विभिन्न ठाउँहरुमा खानेपानी ह्यान्डपाइप जडान उस</td><td>४४</td><td>१६९२२७०</td></tr>
<tr><td>वडा नं. ९ को विभिन्न ठाउँहरुमा खानेपानी ह्यान्डपाइप जडान उस</td><td>४४</td><td>१६९२२७०</td></tr>
<tr><td>वडा नं. ३ को विभिन्न ठाउँहरुमा खानेपानी ह्यान्डपाइप जडान उस</td><td>५७</td><td>२१९२२५९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५५७६७९९</td></tr>
</table></td><td>५,५७६,७९९</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सवारी धनी प्रमाण पुर्जा<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली २०६४ मा ५ लाख भन्दा बढीको खरिद एक आर्थिक वर्षमा एकैजना आपुर्तक संग सोझै गर्न नमिल्ने व्यवस्था छ । कार्यालयले देहायका दुई थान मोटरसाइकल खरिद गरी भुक्तानी गरेकोमा सबारीधनी प्रमाण पुर्जा लेखापरीक्षण अवधि २०७९।१।१७ सम्म कार्यालयमा प्राप्त भएको पाइएन । उक्त प्रमाण पेश गरी खर्च नियमित गर्नुपर्ने रु..
<table>
<tr><th>गोश्वारा भौचर र मिति</th><th>आपूर्तक</th><th>मोटरसाईकलको प्रकार</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४२।०७७।८।८</td><td>जानकी अटो सेन्टर</td><td>यमाहा ए १५</td><td>४३४८५०</td></tr>
<tr><td>६१।०७७।९।३</td><td>जानकी अटो सेन्टर</td><td>यामाहा एस जेड आर आर</td><td>२३७८५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६७२७००</td></tr>
</table></td><td>६७२,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | आय ठेक्काको मुअकर | २१८९७३३ |

**आय ठेक्काको मुअकर**

मुल्य अभिवृद्धि कर ऐन २०५२ मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर समेत लिनुपर्ने व्यवस्था छ । पालिकाले संकलन गरेको देहायको आय ठेक्कामा मुल्य अभिवृद्धि कर रु २१८९७३३।०० नलिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु..

| ठेक्का लिने व्यक्ती | पोखरीको नाम | कबोल अंक ३ वर्षको लागि | मुअकर |
|---|---|---|---|
| सुरज देव गोइत यादव | लवकी पोखरी | १५३०००० | १९८९०० |
| जय शंकर खत्वे | स्कूलबाला पोखरी | १५००००० | १९५००० |
| आदित्य कुमार पासमान | गोन्ही पोखरी | १८३०००० | २३७९०० |
| श्याम सुन्दर दास | सिमराही पोखरी | १८३५१०० | २३८५६३ |
| सखावत कवारी | औरली पोखरी | १५७५००० | २०४७५० |
| बलराम मिश्र | मैझली पोखरी | १८३३००० | २३८२९० |
| प्रदिप कुमार महरान , विभा देवी यादव | गुलवा पोखरी | १०५३००० | १३६८९० |
| प्रदिप कुमार महरान , विभा देवी यादव | वडकी पोखरी | २४४५००० | ३१७८५० |
| प्रदिप कुमार महरान , विभा देवी यादव | बबुवा पोखरी | १०६५००० | १३८४५० |
| शत्रुधन यादव | जागिरटोलवाला पोखरी | ३००००० | ३९००० |
| सुजित पासमान | टावरवाला पोखरी | ४८००० | ६२४० |
| रामचन्द्र मण्डल | महादेव मन्दिर देखी दक्षिणको पोखरी | १५०००० | १९५०० |
| गंगाराम मण्डल | मन्दिरवाला पोखरी | ७५०००० | ९७५०० |
| सोमनी देवी | सहजा पोखरी | ७५०००० | ९७५०० |
| सोमनी देवी | चमगोता पोखरी | १८०००० | २३४०० |
| | जम्मा | | २१८९७३३ |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**बेरितको कर विजक**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै बस्तु सेवा आपूर्ती गर्दा प्रापकलाई अनुसुचि ५ बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । नमुना परीक्षण गर्दा नगरपालिकाले देहायको भुक्तानीसाथ संलग्न गरेको मुल्य अभिवृद्धि कर बिजकको बिजक नं. हातले लेखेको पाइयो । उक्त बिजकको भुक्तानीमा समावेश भएको देहायको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>गोश्वारा भौचर र मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th><th>मुअ कर</th></tr>
<tr><td>७।०७७।६।३०</td><td>पोखरीको डिलमा दलित दलान</td><td>लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा.लि.</td><td>४११८६६</td><td>४७३८३</td></tr>
<tr><td>५४।०७७।९।२</td><td>डिहिबार स्थान अधुरो बाउन्ड्री र प्लाष्टर</td><td>कामख्या कन्स्ट्रक्सन</td><td>४८९२४१</td><td>५६२८४</td></tr>
<tr><td>१०१।०७७।१२।२४</td><td>कर्माही बाबा कुटिमा घर निर्माण</td><td>चन्द्रमा कन्स्ट्रक्सन</td><td>३९०९९६</td><td>४४९८२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१४८६४९</td></tr>
</table>

</td><td>१४८,६४९</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**भ्रमण आदेश विना विल भुक्तानी**

298-3/20 नगर सभा सदस्य जिवछ मण्डलको भ्रमण आदेश, भ्रमण विल बेगर भुक्तानी भएको रु.32,800।- असुल गर्नुपर्ने रु.

</td><td>३२,८००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**कर कट्टी नगरेको**

240-2/4 सलेपा हिरावन यादवले प्रोत्साहन भत्ता बापत सामाजिक सुरक्षा कर कट्टी पश्चात रु.42,152।- भुक्तानी लिएकोमा नियमानुसार लाग्ने बाँकी 14 प्रतिशतले हुने रु.5,900।- कर दाखिला गर्नुपर्ने रु.

</td><td>५,९००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम एवं कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि २०७६ बमोजिम पालिकाले विपन्न तथा बेरोजगारहरुको सूचिकृत एवं छनौट गरी कम्तिमा १०० दिन रोजगारी दिनुपर्ने व्यवस्था छ । पालिकाले ९ वडाहरु मध्ये १०० श्रमिकको ८७ दिनको पारीश्रमिक भुक्तानी रु ४४९७९००।०० गरेको छ । सबै वडाहरुमा सो कार्य संचालन गर्न सकेको छैन ।

</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**पारीश्रमिक कर कट्टि नगरेको**

आयकर ऐन, २०५८ को दफा ८ बमोजिम प्रत्येक वर्ष आर्थिक ऐनले तोकेको सीमाभन्दा बढी परिश्रमिक आय भएमा तोकिए बमोजिम पारिश्रमिक कर लाग्ने व्यवस्था छ । सोही अनुसार आर्थिक वर्ष २०७७।७८ मा व्यक्तिगत आय रु.४ लाख र पारिवारिक आय रु.४,५०,०००।– भन्दा बढी आय भएमा आयको सीमा अनुसार १० देखि ३० प्रतिशतसम्म कर लाग्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाका देहायका कर्मचारीहरुको तोकिएको सीमाभन्दा बढी पारिश्रमिक भएकोमा सामाजिक सुरक्षा कर मात्र कट्टी गरी पारिश्रमिक कर कट्टी गरेको पाइएन । निम्नानुसार कर्मचारीको पारिश्रमिक कर रु २८९२७२।०० लाग्ने देखिएकोले सो रकम असुल गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>बार्षिक तलब</th><th>भत्ता</th><th>जम्मा</th><th>करयोग्य आय</th><th>जम्मा लाग्ने कर</th><th>काटेको कर</th><th>बाँकी कर</th></tr>
</table>

</td><td>२८९,२७२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1. | संजिव कुमार साह | 569070.00 | 107970.00 | 677040.00 | 227040.00 | 35408.00 | 3349.00 | 32051.00 |
| 2. | वसन्त कुमार मण्डल | 614670.00 | 0 | 614670.00 | 164670.00 | 22934.00 | 1646.00 | 21287.00 |
| 3. | राम एकवार मण्डल | 448282.00 | 79830.00 | 528112.00 | 78112.00 | 7812.00 | 1579.00 | 6233.00 |
| 4. | राघवेन्द्र साह | 629070.00 | 107970.00 | 737040.00 | 287040.00 | 47408.00 | 3949.00 | 43459.00 |
| 5. | राम सुन्दर साह | 642565.00 | 102249.00 | 744814.00 | 294814.00 | 48962.00 | 3970.00 | 44992.00 |
| 6. | राम बाबु महतो | 600270.00 | 0 | 600270.00 | 150270.00 | 20054.00 | 1502.00 | 18552.00 |
| 7. | उपेन्द्र शाह | 522534.00 | 0 | 522534.00 | 72534.00 | 7353.00 | 725.00 | 6628.00 |
| 8. | दिलिप कुमार मिश्र | 571002.00 | 0 | 571002.00 | 121002.00 | 14200.00 | 1210.00 | 12990.00 |
| 9. | राम विलास पण्डित | 588270.00 | 0 | 588270.00 | 138270.00 | 17654.00 | 1382.00 | 16260.00 |
| 10. | दानी ठाकुर | 525870.00 | 0 | 525870.00 | 75870.00 | 7587.00 | 758.00 | 6829.00 |
| 11. | विनोद कुमार झा | 575070.00 | 0 | 575070.00 | 125070.00 | 15014.00 | 1250.00 | 13764.00 |
| 12. | मोहन शाह | 531334.00 | 0 | 531334.00 | 101334.00 | 10266.00 | 1013.00 | 9253.00 |
| 13. | वसन्त ठाकुर | 549174.00 | 0 | 549174.00 | 99104.00 | 9917.00 | 991.00 | 8926.00 |
| 14. | राम स्वार्थ यादव | 629070.00 | 0 | 629070.00 | 179070.00 | 25814.00 | 1790.00 | 24024.00 |
| 15. | शैलेन्द्र कुमार यादव | 629070.00 | 0 | 929070.00 | 179070.00 | 25814.00 | 1790.00 | 24024.00 |
| | **जम्मा:** | | | | | | | **289272.00** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>अग्रीम कर<br>आयकर ऐन २०५८ को दफा ८८ मा अग्रीम करकट्टि सम्बन्धी व्यवस्था छ । पालिकाले देहायका आपूर्तकबाट उन्नत जातको गहुँको विउ खरिद गरेकोमा अग्रीम कर कट्टी नगरेको रकम असुल गर्नुपर्ने रु..
<table>
<tr><th>गो भौ नं.</th><th>आपुर्तक</th><th>जम्मा रकम</th><th>लाग्ने अग्रिम कर</th><th>काटेको कर</th><th>काट्न बाँकी कर</th></tr>
<tr><td>142-9/3</td><td>चन्दन कृषि सामुदायिक संस्था</td><td>998400.00</td><td>14976.00</td><td>7488.00</td><td>7488.00</td></tr>
<tr><td>143-9/3</td><td>न्यू महाविर एग्रो भेट एण्ड जनरल अर्डर सप्लायर्स</td><td>998400.00</td><td>14976.00</td><td>7488.00</td><td>7488.00</td></tr>
<tr><td>144-9/3</td><td>लोटस सिड कम्पनी प्रा.लि.</td><td>998400.00</td><td>14976.00</td><td>7488.00</td><td>7488.00</td></tr>
<tr><td></td><td>जम्मा:</td><td></td><td></td><td></td><td>22464.00</td></tr>
</table></td><td>२२,४६४</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कोभिड उपचारको विवरण<br>1-077/6/29 कार्यालयले विभिन्न ३ स्थानमा सञ्चालन गरेको कोभिड-१९ क्वारेन्टाइनमा खटेकका कर्मचारीहरुलाई रु.21,14,000।- भत्ता वितरण गर्दा कोभिडभाइरस (कोभिड-19) को संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, 2077 अनुसार काम गर्नको लागि खटाएको प्रमाण खटिएको स्थानमा काम गरेको प्रमाणित गर्ने हाजिरी अभिलेख संलग्न गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले क्वारेन्टायनमा खटाएको कर्मचारीहरुलाई पत्र दिएको देखिन्छ । कर्मचारीहरुको हाजिरी अभिलेख भए तापनि कुन Shift मा कार्य गरेको हो खुल्दैन । बिरामी क्वारेन्टाइनमा कहिलेदेखि कहिलेसम्म बसेको हो शंकास्पद ब्यक्तिको शुरु परीक्षणको अभिलेख अद्यावधिक देखिएन । प्रयोगशाला परीक्षण गरेको ब्यक्तिको विवरण अद्यावधिक रुपमा राखेको देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>
कोभिड भत्ता<br>
10-077/9/2 कार्यालयले जनता मा.वि. गिद्धवेला पट्टीमा कोभिड-19 प्रभावित १७ जनालाई 2077।4।1 देखि 2077।4।16 सम्म आइसोलेशनमा राख्दा विभिन्न ४४ जना (स्वास्थ्यकर्मी, सवारी चालक, कार्यालय सहयोगी, भान्छे) कार्यमा खटी ७२४ कार्यदिनको रु.5,69,300।- भत्ता भुक्तानी भएको देखिएको ब्यहोरा निम्नानुसार छन् :
<ul>
<li>कोभिड-19 भाइरसको संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता ब्यवस्थापन आदेश, 2077 को दफा 4 मा जोखिम भत्ता प्राप्त गर्नको लागि काम गर्नको लागि खटाएको प्रमाण, प्रमाणित हाजिर अभिलेख, संक्रमण पुष्टी भएको विरामीको विवरण, प्रयोगशाला परीक्षण गरिएको ब्यक्तिको विवरणको आधारमा जोखिम भत्ता ब्यवस्थापन गर्नुपर्नेमा काम गर्न खटाएको प्रमाण राखेको देखिएन । कार्य गरेको दिन प्रमाणित गर्ने हाजिर अभिलेखको आधारमा भत्ता भुक्तानी भएको देखिन्छ । सम्बन्धित कर्मचारीले कुन सिफ्टमा कार्य गरेको भन्ने अभिलेख राखेको छैन । यसबाट कुन कर्मचारीले कुन समयमा कार्य गरेको हो यकिन गर्न सकिएन । 17 जना विरामीकोप्रयोगशाला परीक्षणको अभिलेख समेत अद्यावधिक देखिएन ।</li>
<li>वडा अध्यक्ष विजय यादवलाई 2077।4।1 देखि 2077।4।21 सम्म आइसोलेशनमा खटेको भत्ता रु २१०००।०० असुल गर्नुपर्ने रु.</li>
<li>2077।4।1 देखि 4।16 सम्म जम्मा १६ दिन आइसोलेशन सञ्चालन भएकोमा निम्न कर्मचारीहरुलाई १६ दिनको मात्र भत्ता भुक्तानी हुनुपर्नेमा निम्नानुसार बढी अवधिको भुक्तानी भएको भत्ता ४५०००।०० असुल गर्नुपर्ने रु.</li>
<li>
<table>
<tr><th>कर्मचारी</th><th>भत्ता पाउने दिन</th><th>पाएको दिन</th><th>बढी भुक्तानी भएको दिन</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>ज.स्वा.अ.रामसुन्दर साह</td><td>16</td><td>31</td><td>15</td><td>1000.00</td><td>15000.00</td></tr>
<tr><td>सि.अ.हे.व.राघवेन्द्र साह</td><td>16</td><td>31</td><td>15</td><td>1000.00</td><td>15000.00</td></tr>
<tr><td>सि.अ.हे.व. रामबाबु महतो</td><td>16</td><td>31</td><td>15</td><td>1000.00</td><td>15000.00</td></tr>
<tr><td>जम्मा:</td><td></td><td></td><td></td><td></td><td>45000.00</td></tr>
</table>
</li>
</ul>
</td><td>६६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>बैक हिसाव मिलान तयार नगरेको<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताहरुको बैंक हिसाब मिलान तथा चेक साट्न बाँकी विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखियो । यसरी फरक परेको रकम ६९१७१५६१।२० सम्बन्धमा यकिन गरी बैंक हिसाब मिलान विवरण तयार गनुपर्दछ ।
<table>
<tr><th>शिर्षक</th><th>श्रेष्ताअनुसार बाँकी</th><th>बैकअनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>आन्तरिक राजस्व खाता</td><td>६५२०१.</td><td>६५१५६.८</td><td>44.2</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>१४१४०४६९.१</td><td>४९८८९३४३.१</td><td>35748874</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>६०२१५५८</td><td>३३८७८९९२</td><td>27857434</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>८७२६४८५.५०</td><td>१२२४७५९५.५०</td><td>3521110</td></tr>
<tr><td>धरौटी खाता</td><td>६९२२९३७</td><td>५९३११७०.</td><td>991767</td></tr>
<tr><td>संचित कोष खाता</td><td>३१४६६४२६.०६</td><td>३२४१६४२६.०६</td><td>950000</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>६९०६२७</td><td>७९२९५९</td><td>102332</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>69171561.2</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>आन्तरिक राजस्व</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>कार्यालयबाट प्राप्त विवरण अनुसार ७ नं. वडा समितिको कार्यालयको वार्षिक राजस्व रु.55,229।- देखिएकोमा मिति 2077।3।30 मा रु.41,141।- दाखिला गरेको भौचर पेश भएकोमा दाखिला गर्न बाँकी रु.14,088।- को प्रचलित कानून अनुसार 10 प्रतिशतको दरले हुने समेत रु.15,496।- राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>१५,४९६</td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>कार्यालयबाट प्राप्त अभिलेख अनुसार वडा नं.३ को राजस्व आम्दानी रु.16,231।- देखिएकोमा बैंक दाखिला भौचर अनुसार रु.3,055।- मात्र राजस्व दाखिला भएको देखिन्छ । दाखिला गर्न बाँकी राजस्व रु.13,176।- को १० प्रतिशतले हुने रु.14,493।- दाखिला गर्नुपर्ने रु.</td><td>१४,४९३</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.३ | | | ३ नं. वडा कार्यालयले राजस्वको अनलाइन सफ्टवेयर प्रयोगमा ल्याएको देखिएन । अर्कोतर्फ अनलाइन सफ्टवेयरको प्रयोग नभएपछि नगदी रसीद प्रयोग गर्नुपर्नेमा राजस्वतर्फको नगदी रसीद समेत प्रयोग गरेको देखिएन ।कार्यालयले सम्बन्धित वडा सचिवला्इ सचेत गरा्इ राजस्व असुली र समयमा नै दाखिला गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५१.४ | | | २ नं. र ४ नं. वडा समितिको नगदी रसदी तथा मालपोत आयतर्फको राजस्व असुलीको सम्बन्धमा दुबै वडाको संयुक्त रुपमा USER ID र PASS WORD बाट कार्य गरेकोले वडागत रुपमा राजस्व असुली र दाखिला भिडान गर्न सकिएन । | |
| ५१.५ | | | अनुसार राजस्व आम्दानी बढीमा ७ दिनभित्र दाखिला गरी सक्नुपर्ने ब्यवस्था छ । सम्बन्धित वडा कार्यालयबाट असुली भएको राजस्व दाखिला गर्ने कार्य ऐनले तोकेको अवधिभन्दा ढिलो हुने गरेकोले समयमै राजस्व दाखिला गर्नेतर्फ सम्बन्धित वडा सचिवहरुला्इ सचेत गराउनु पर्ने देखिन्छ । | |
| ५२ | | | **टेन्ट भाडा**<br>८९।०७८।२।११ आयकर ऐन २०५८ को दफा ८८ बमोजिम सामानहरु भाडामा ल्याई भुक्तानी गरेबापत भुक्तानीमा १० प्रतिशत अग्रीम कर कट्टि गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले व्यक्तिगत घटना दर्ता सिविरमा टेन्ट भाडामा ल्याय बापत ९ वटा विल बाट रु ९९०००।०० सुनिल कुमार सिंहको पेश्की फर्छ्यौट गरेकोमा नियमअनुसार लाग्ने अग्रीम कर रु ९९००।०० कट्टि नगरेकाले निजसंग असुल गर्नुपर्ने रु.. | ९,९०० |
| ५३ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छ्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छ्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्तसम्म फर्छ्यौट हुन बाँकी पेश्की तोकीएको कार्य पुरा गराई असुल फर्छ्यौट र नियमित हुनुपर्दछ । | |

| पेश्की लिनेको नाम | पेश्की लिएको मिति | म्याद ननाघेको मोविलाईजेसन पेश्की | अन्य पेश्की |
|---|---|---|---|
| महालक्ष्मी पाण्डे एण्ड कम्पनी जेभी | २०७८।३।३० | १००००००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>
अनुगमन सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजु र फर्छैटको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>०७६।७७</td><td>६९</td><td>जनता मा.वि. गिढ्ढा बेलापट्टि बाट विद्यालय भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश भई फछ्र्यौट</td><td></td><td>10000000</td><td></td><td></td><td>10000000</td></tr>
<tr><td>२</td><td>०७४।७५</td><td>६७</td><td>सशर्त अनुदानको रकम फिर्ता गरेको भौचर पेश भई फछ्र्यौट</td><td></td><td>६७३८१३२</td><td></td><td></td><td>६७३८१३२</td></tr>
<tr><td>३</td><td>०७३।७४</td><td>५</td><td>सामाजिक सुरक्षा पेश्की रकम मध्ये २४४२०००।०० दाखिला बाँकी वितरण प्रमाण पेश भई फछ्र्यौट</td><td></td><td></td><td></td><td>२५८८००००</td><td>२५८८००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४२६१८१३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
अद्यावधिक वेरुजु स्थिति<br>
यस पालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)</th><th>यो वर्ष कायम बेरुजु ©</th><th>सम्परीक्षणबाट कायम बेरुजु(D)</th><th>अद्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)</th></tr>
<tr><td>२४०७४९</td><td>४२६१८</td><td>१४६३२५</td><td></td><td>३४४४५६</td></tr>
</table>
</td><td></td></tr>
</table>